काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ५२ ❐ आइतवार, ६ मंसिर, २०८३ ❐ Sunday, 22 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

रोजगारीको खोजीमा रित्तिँदै जुम्लाका गाउँ

गाउँमा रोजगारी र आम्दानीको आधार नहुँदा उत्पादनशील उमेरका युवा भारत पलायन, खेतीपातीदेखि बालबालिकाको शिक्षासम्म प्रभावित

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ मंसिर

जुम्लाका गाउँमा यतिबेला उत्पादनशील उमेरका युवा भेटिन मुस्किल हुन थालेको छ । रोजगारी र आम्दानीको भरपर्दो आधार नहुँदा युवाहरू भारतको कालापहाडतिर लागेपछि गाउँमा बूढाबूढी, महिला र बालबालिका मात्रै देखिन थालेका छन् । दसैँ तिहार सकिएसँगै सुरु हुने कालापहाड यात्राले हरेक वर्ष जुम्लाका गाउँ रित्तिँदै गएका छ ।

असोज-कात्तिक लागेपछि रोजगारीको खोजीमा गाउँ छाड्ने युवाको लर्को लाग्छ। कोही मजदुरी गर्न त कोही सानोतिनो व्यापार गरेर परिवारको जीविकोपार्जन गर्न भारत पुग्छन्। गाउँमै बसेर केही गर्ने चाहना हुँदाहुँदै पनि आम्दानीको विकल्प नहुँदा उनीहरू बाध्यताले कालापहाड जानुपरेको बताउँछन्।

पातारासी गाउँपालिका-२ का खड्कबहादुर ऐडीका लागि यो कुनै नयाँ यात्रा होइन। उनी हरेक वर्ष रोजगारीको खोजीमा भारत पुग्छन्। गाउँमा काम र आम्दानीको भरपर्दो अवसर नहुँदा परिवारको खर्च जुटाउन भारत जानुको विकल्प नभएको उनको भनाइ छ । ‘ कालापहाड रहर होइन, यो त बाध्यता हो,’ उनले भने। उनीसहित पातारासीका सयौँ युवा कामको खोजीमा भारत पुगेका छन्।

सिंजा गाउँपालिका-५ का मुनबहादुर बुढाको कथा पनि उस्तै छ। रोजगारीको खोजीमा उनी गत कात्तिक पहिलो सातामै कालापहाड लागे। चार दिदीबहिनीका एक्ला दाजु उनले यसपालि बहिनीहरूसँग भाइटीका समेत लगाउन पाएनन्। गाउँमै बसेर केही गर्ने चाहना भए पनि परिवारको जीविकोपार्जनका लागि भारत जानुपरेको उनी बताउँछन्। ‘गाउँमा बसेर केही काम गर्ने चाहना त थियो, तर परिवार पाल्नैपर्ने भएपछि भारत जानुपर्ने बाध्यता बन्यो,’ उनले भने।



जुम्लाका गाउँमा पर्याप्त आम्दानी हुने काम छैन। खेतीपातीबाट मात्रै परिवारको खर्च धान्न कठिन छ। त्यसैले उत्पादनशील उमेरका युवा वर्षको अधिकांश समय घरबाहिर बिताउन बाध्य छन्। ‘गाउँका थुप्रै युवा बस्ने हो भने बालबालिका पढाउन र परिवार पाल्न कठिन छ। घरको खेतीपातीले छ महिना पनि राम्रोसँग खान पुग्दैन,’ दलबहादुरले भने, ‘त्यही भएर हरेक वर्ष कालापहाड यात्रा गर्नुपरेको छ।’

जुम्लाका सिंजा, हिमा, कनकासुन्दरी, तिला, तातोपानी, गुठीचौर र पातारासीका युवा अहिले रोजगारीका लागि भारत पुगेका छन्। केहीले दसैँ सकिएलगत्तै गाउँ छाडिसकेका छन् भने अधिकांश भारत जाने तयारीमा छन्। स्थानीयका अनुसार पछिल्लो समय दैनिक दुईदेखि चार समूहसम्म गाउँबाट बाहिरिने गरेका छन्।

युवा पलायनले गाउँको दैनिकी प्रभावित

युवाहरू बाहिरिएपछि गाउँको दैनिकीसमेत प्रभावित हुन थालेको छ। खेतबारीमा काम गर्ने जनशक्तिको अभाव देखिन थालेको छ। खेतीपातीदेखि विकास निर्माण, सामाजिक गतिविधि र सामुदायिक कामसम्म प्रभावित भइरहेका छन्। गाउँमा भेडीगोठाला, बूढाबूढी, महिला र बालबालिका मात्रै भेटिन थालेका छन्। उत्पादनशील उमेरका नागरिक बाहिरिँदा सामाजिक तथा पारिवारिक जीवनमा समेत असर परेको स्थानीय बताउँछन्।

स्थानीय ददिमल बुढाका अनुसार गाउँगाउँमा स्थानीय सरकार भए पनि नागरिकले भरपर्दो रोजगारी पाउन सकेका छैनन्। ‘सीपमूलक तालिम, आयआर्जन र रोजगारीका नाममा करोडौँ खर्च देखिन्छ, तर त्यसको उपलब्धि शून्य छ,’ उनले भने। गाउँमै आम्दानीको भरपर्दो आधार तयार नहुँदा परिवार पाल्न भारत जानुपर्ने बाध्यता कायम रहेको उनको भनाइ छ।

विद्यार्थीको पढाइसमेत प्रभावित

कालापहाड यात्राको असर घरपरिवार र गाउँको अर्थतन्त्रमा मात्रै सीमित छैन। यसले बालबालिकाको शिक्षालाई समेत प्रभावित पारेको छ। अभिभावकसँगै कतिपय विद्यार्थी पनि मजदुरीका लागि भारत जाने गरेका छन्। यसले विद्यालयमा नियमित उपस्थितिदेखि सिकाइ प्रक्रियासम्म असर पार्ने गरेको शिक्षाका सरोकारवालाहरू बताउँछन्।

सिंजा गाउँपालिकाका शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख शंकर धितालका अनुसार हरेक हिउँदमा भारत जाने क्रम यहाँ परम्पराकै रूपमा विकास भएको छ। अभिभावकसँगै विद्यार्थी पनि भारत जाने भएकाले यो समयमा विद्यालयमा उनीहरूको नियमित उपस्थिति घट्ने गरेको छ। ‘अभिभावकसँगै विद्यार्थी पनि मजदुरीका लागि भारत जान्छन्। उनीहरू विद्यालयमा पढ्न पाउँदैनन्। विद्यार्थी संख्यामा समेत कमी आउँछ। दुई महिना पढेका कुरा बिर्सिसकेका हुन्छन्,’ उनले भने।

रोजगारीको खोजीमा कालापहाड पस्ने गरेका छन्,’ मुनबहादुरले भने।

सिंजाकै दलबहादुर र राजेश बुढा दाजुभाइ हुन्। घरको खेतीपातीले परिवारको आवश्यकता पूरा गर्न नसकेपछि उनीहरू पनि मजदुरीका लागि भारत पुगेका छन्। ‘भारत नगएर घरमै तिला गाउँपालिका-९ का दलजीत बुढा गाउँमा काम र आम्दानीको भरपर्दो स्रोत नहुँदा युवाहरू कालापहाड जान बाध्य भएको बताउँछन्। उनका अनुसार अहिले जुम्लाका युवाको रोजीरोटीको मुख्य आधार नै कालापहाड बनेको छ। त्यहाँ केहीले मजदुरी बाँकी पृष्ठ ४

विदेशमा रहेका नेपालीको मताधिकारका लागि विकल्प

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ५ मंसिर

विदेशमा रहेका नेपालीलाई मताधिकार सुनिश्चित र अन्तरजिल्ला मतदाताको व्यवस्था गर्न विभिन्न विकल्पसहित निर्वाचन आयोगले विद्यमान कानुनमा संशोधनका लागि प्रस्ताव अघि बढाएको छ ।

निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अवसर प्रदान गर्न विभिन्न विकल्पसहित सरकारलाई कानुन संशोधनका लागि सुझाव दिएको छ ।

सर्वोच्च अदालतले समेत विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउन आदेश दिइसकेको र प्रमुख राजनीतिक दलहरूले पनि यस विषयमा प्रतिबद्धता व्यक्त गरेकाले अब हुने निर्वाचनदेखि नै यसको कार्यान्वयन गर्ने तयारीमा आयोग रहेको छ ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता जगदीश खरेलले आफ्नो पार्टीले निर्वाचन घोषणापत्रमा विदेशमा रहेका मतदाताको मताधिकारको मुद्दालाई प्राथमिकता दिएकाले अब हुने निर्वाचनमा यसको व्यवस्थापन गर्नुपर्ने बताए।

शुक्रबार आयोग र राष्ट्रिय मान्यता प्राप्त दलका शीर्ष नेताहरुबीचको छलफलमा यो विषय पनि उठाइएको उनले बताए। आयोगका कानुन हेर्ने सहसचिव मानबहादुर बस्नेतका अनुसार गृह मन्त्रालयमा कानुन संशोधनका लागि पठाइएको प्रस्तावमा बाह्य (विदेशमा रहेका मतदाताको मतदान र अन्तरजिल्ला) मतदानको व्यवस्था गरिएको छ ।

घरभित्रै असुरक्षित परिवार :

आखिर किन बढ्दैछन् हिंसात्मक अपराध?

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ मंसिर

परिवारलाई मानिसको सबैभन्दा सुरक्षित आश्रयस्थल मानिन्छ। सुखदुःख बाँड्ने, माया र विश्वासमा जीवन अघि बढाउने तथा एकअर्काको संरक्षण गर्ने थलो नै परिवार हो। तर पछिल्ला समय सार्वजनिक भइरहेका केही हिंसात्मक घटनाले यही विश्वासमाथि गम्भीर प्रश्न खडा गरिरहेका छन्। आफ्नै परिवारका सदस्यबाट परिवारकै सदस्य असुरक्षित हुन थालेपछि समाज कुन दिशातर्फ अघि बढिरहेको छ भन्ने डर पनि चुलिएको छ।

दैलेखकोचामुण्डाबिन्द्रासैनी नगरपालिका-३ पानीखोलामा शुनिबार भएको घटनाले समाजलाई फेरि एकपटक स्तब्ध बनाएको छ। घरायसी विवादका क्रममा ३८ वर्षीय अम्बर सलामी मगरले आफ्नै श्रीमती र तीन सन्तानमाथि बन्चरो प्रहार गर्दा श्रीमतीसहित दुई सन्तानको मृत्यु भएको छ भने एक ६ वर्षीय छोरा गम्भीर घाइते भएका छन्।

प्रहरीका अनुसार अम्बरले ३५ वर्षीया श्रीमती मनिषा सलामी मगर, १२ वर्षीय छोरा तपेन्द्र, ६ वर्षीय छोरा मिलन र ३ वर्षीया छोरी करिस्मामाथि दाउरा काट्ने बन्चरो प्रहार गरेका थिए। गम्भीर घाइते चारै जनालाई उपचारका लागि अस्पताल पुऱ्याइएकोमा तपेन्द्र र करिस्माको उपचारकै क्रममा मृत्यु भएको थियो। थप उपचारका लागि सुर्खेतस्थित प्रदेश अस्पताल ल्याइएकी मनिषाको समेत मृत्यु भयो। घाइते ६ वर्षीय मिलनको उपचार भइरहेको छ। प्रहरीले घटनामा संलग्न अम्बरलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ। यो घटना कुनै एउटा परिवारमा भएको विवाद र हिंसाको परिणाम मात्र होइन, घरेलु हिंसा, आवेगमा गरिने अपराध र सामाजिक संवेदनशीलतासँग जोडिएको गम्भीर विषय हो। सामान्य घरायसी बाँकी पृष्ठ २

एनपिएलको उपाधि सुदूरपश्चिमलाई

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ मंसिर

सुदूरपश्चिम रोयल्स तेस्रो प्रयासमा नेपाल प्रिमियर लिग (एनपीएल) को च्याम्पियन बनेको छ।

शनिबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको फाइनल खेलमा लुम्बिनी रोयल्समाथि बदला लिँदै एनपीएल सिजन- ३ को च्याम्पिन बनेको हो।

सुदूरपश्चिमले लुम्बिनीले दिएको १५६ रनको लक्ष्य १३.३ ओभरमा बिनाविकेटको क्षतिमा पूरा गऱ्यो। सुदूरपश्चिमको जितमा स्कटल्यान्डका आक्रामक ब्याटर जर्स मुन्सीले १२५ रनको शतकीय पारी खेले। भने, विनोद



भण्डारीले ३० रनको योगदान गरे। सुदूरपश्चिम एनपीएलमा लगातार तेस्रो प्रयासमा च्याम्पियन बनेको हो।

सुदूरपश्चिम पहिलो सिजनमा जनकपुर बोल्ट्स र दोस्रो बाँकी पृष्ठ ४

एचआईभी एड्सबाट बचौं र बचाऔं

- एचआईभी एड्स असुरक्षित यौन सम्पर्क, संक्रमित सुई लगायतका कारणले सर्न सक्छ, त्यसैले:
  - असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
  - लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
आइतवार, ६ मंसिर, २०८३
Sunday, 22 Nov 2026

सम्पादकीय

वीरेन्द्रनगरको प्रतिष्ठा र पहिचान जोगाउ

नेपाली खेलकुदको सबैभन्दा ठूलो प्रतियोगिता दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा आयोजना हुनु समग्र प्रदेशका लागि गौरवको विषय हो । लामो प्रतीक्षा र अन्योल चिर्दै हुन लागेको यो प्रतियोगिता कर्णालीको खेलकुद विकास, पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधि विस्तारको महत्त्वपूर्ण अवसर पनि हो । तर, यति ठूलो राष्ट्रिय महोत्सवको आतिथ्य गर्ने जिम्मेवारी पाएको वीरेन्द्रनगरको तयारी भने अपेक्षाअनुसार देखिन सकेको छैन । देशभरबाट हजारौँ खेलाडी, प्रशिक्षक, निर्णायक, दर्शक तथा पाहुना आउने प्रतियोगितामा आयोजक सहरको पहिलो परिचय नै यहाँको सडक, सरसफाइ, यातायात र आतिथ्यबाट हुने हो । विडम्बना, मुख्य सडकका बत्ती निभेका छन्, सडकका खाल्डाखुल्डी उस्तै छन्, धुलो र फोहोर व्यवस्थापनमा पर्याप्त ध्यान पुगेको छैन । स्वागतद्वार, प्रचारप्रसार र सहरको सौन्दर्यीकरणमा समेत अपेक्षित सक्रियता देखिएको छैन । यस्तो अवस्थाले राष्ट्रियस्तरको प्रतियोगितामार्फत वीरेन्द्रनगरको पहिचान स्थापित गर्ने अवसर कमजोर बनाउन सक्छ ।

प्रतियोगिता सफल बनाउने जिम्मेवारी राष्ट्रिय खेलकुद परिषद् र प्रदेश खेलकुद विकास परिषद्को मात्र होइन । आतिथ्य सहर भएकाले वीरेन्द्रनगर नगरपालिकाको भूमिका अझ महत्त्वपूर्ण हुन्छ । प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र र नागरिक समाजबीच प्रभावकारी समन्वय हुन आवश्यक छ । तर, तयारीका विषयमा निजी क्षेत्रले समेत पर्याप्त भूमिका र समन्वय नपाएको गुनासो गर्नु सुखद पक्ष होइन ।नगरपालिकाले विशेष समिति गठन गरी सडक बत्ती मर्मत, डस्टबिन थप्ने, सरसफाइ अभियान, स्वागतद्वार निर्माण तथा पर्यटकीय स्थलको सौन्दर्यीकरणका काम अघि बढाएको जनाएको छ । यो सकारात्मक सुरूवात हो । तर, प्रतिबद्धता र कागजी तयारीभन्दा नागरिकले देख्ने गरी मैदानमा काम सम्पन्न हुनु महत्त्वपूर्ण छ । समयको अभावलाई बहाना बनाएर आधारभूत व्यवस्थापनका काम अधुरै छाड्नु हुँदैन ।

दशौँ राष्ट्रिय खेलकुदमा ११ टोलीका खेलाडीले ३२ खेलका विभिन्न विधामा प्रतिस्पर्धा गर्दैछन् । यो केवल पदक जित्ने प्रतिस्पर्धा होइन, कर्णालीको क्षमता, सम्भावना र आतिथ्य प्रस्तुत गर्ने राष्ट्रिय अवसर पनि हो । त्यसैले वीरेन्द्रनगरका सडक मर्मत, बत्ती व्यवस्थापन, फोहोर नियन्त्रण, ट्राफिक व्यवस्थापन र बजार क्षेत्रको सरसफाइलाई तत्काल प्राथमिकतामा राख्नुपर्छ । होटल व्यवसायी, यातायात व्यवसायी, उद्योगी, व्यापारी र स्थानीय नागरिकलाई समेत अभियानमा जोड् नुपर्छ । कर्णालीले पाएको यो अवसर फेरि कहिले आउँछ भन्ने निश्चित छैन । प्रतियोगिताको सफल आयोजना पदक तालिकाले मात्र मापन हुँदैन, पाहुनाले बोकेर फर्कने अनुभवले पनि मापन हुन्छ । त्यसैले सरकार र सम्बन्धित निकायले अब ढिलाइ नगरी जिम्मेवारी पूरा गर्नुपर्छ । खेलकुदको महाकुम्भ सकिएपछि पनि उपयोगी हुने गरी सहरको पूर्वाधार र व्यवस्थापन सुधार्न सके मात्र दशौँ राष्ट्रिय खेलकुद वीरेन्द्नगरका लागि वास्तविक उपलब्धि बन्नेछ । राष्ट्रिय खेलकुदको आतिथ्य केवल प्रतियोगिता सञ्चालन गर्नु होइन, वीरेन्द्रनगरको प्रतिष्ठा र कर्णालीको पहिचान जोगाउनु पनि हो ।

दिल्ली भ्रमण लोकप्रियताको ‘स्टन्ट’ होइन, स्वाभिमानको ‘स्ट्यान्ड’ बनोस्



✍ डा. शोभाकर पराजुली

अमेरिका अनि रुसजस्ता विश्वशक्ति राष्ट्रहरूलाई आफ्नै भूमिमा निम्त्याएर हालैका दिनमा चीनले पूरा विश्वलाई विशेष सन्देश दिएको छ । चीन, अमेरिका र रुसले सेन्जेन सहरमा मिलाएका यी हातहरूका अन्तर्य आफ्नै ठाउँमा होलान्, हाम्रा लागि चासोको विषय भनेको हामी कस्ता र कति शक्तिशाली छिमेकीको आँगनमा छौं भन्ने हो । र, नेपालका लागि यो दृश्यको अर्को महत्त्वपूर्ण कुरा हामी त्यसको भू-राजनीतिक गहिराइमा पनि छौं भन्ने हो । एकातिर उत्तरी छिमेकी चीन विश्व शक्ति र त्यसको नेतृत्वकर्ताका रूपमा आफूलाई स्थापित गर्न हरसम्भव प्रयास गरिरहेको छ भने अर्कोतिर दक्षिणी छिमेकी भारत पनि आफूलाई ‘महत्त्वपूर्ण शक्ति’ का रूपमा उभ्याउन विश्वमाझ आफूलाई फैलाइरहेको छ । उनीहरूको राष्ट्रिय स्वार्थ आफ्नो ठाउँमा होला, नेपालको राष्ट्रिय स्वार्थ भनेको दुई छिमेकीको यो उभारलाई आफ्नो विकास र समृद्धिको सारथि बनाउनमै छ ।

यसबिच प्रधानमन्त्री बालेन्द्र शाह यही आउँदो मङ्सिर ६ र ७ गते भारतको भ्रमण गर्दैछन् । प्रधानमन्त्री शाहको भारत भ्रमणबारे हालसम्म सार्वजनिक भएका समाचारहरू अनुसार उनको यो भ्रमण छोटो हुनेछ । अवधिका हिसाबले उनले दिल्लीमा २५-२७ घण्टा भारतमा बिताउनेछन् ।

प्रधानमन्त्रीले दिल्लीमा कति दिन र कति घण्टा बिताउँछन् आफ्नो ठाउँमा होला तथापि आम नेपालीको यतिबेलाको चासो भनेको यो भ्रमणको उपलब्धि के हुने ? भन्ने मात्रै छ । नेपाल-भारतको परम्परागत भ्रमणका क्रममा हुने केही अनुदान वा सहयोगका समझदारीको निरन्तरता भन्दा यसपालि त्यस्तो ऐतिहासिकता के होला भन्ने कौतुहलता आम नागरिकमा छ ।

नयाँ पार्टी, नयाँ सत्ता अनि नयाँ सरकार । दुनियाँभरि चर्चा कमाएका कलिला प्रधानमन्त्री । अनपेक्षित जनमत र राजनीतिमा यो अद्भुत फड्को, आफैमा ऐतिहासिक अनि नयाँ नै हुन् । तथापि दुई देश अनि त्यसमा पनि एउटा बलियो छिमेकीसँगको सम्बन्धका सवालहरू कुनै राजनीतिक ‘स्टन्ट’ मात्रै हुन सक्दैनन् ।

प्रधानमन्त्रीको पदभार सम्हाले लगत्तै प्रधानमन्त्री शाहले कम्तीमा एक वर्षभरि कुनै पनि वैदेशिक भ्रमण नगर्ने घोषणा पनि गरेका थिए । तर परिस्थितिले उनलाई न्यूयोर्कसम्म पुऱ्यायो । त्यो नेपालले भोग्नुपरेको एउटा प्राकृतिक प्रारब्धको नियति थियो । भोटेकोशी बाढीको प्रलयपछि त्यसको कथा सुनाउन उनले संयुक्त राष्ट्रसंघको मञ्चलाई चुने ।

भारतसँगको सम्बन्धको कुरा गर्ने हो भने सम्बन्धको जति ऐतिहासिकता छ विवादका मुद्दाहरू पनि उत्तिकै ऐतिहासिक छन् । सम्बन्धसँगै विवादका चुरा कुराहरू समाधान भएका छैनन् । त्यसैले भारतसँगका हाम्रा मुद्दाहरू तत्कालीन र नयाँ भने छैनन् ।

यद्यपि त्यो कुनै राज्यस्तरको औपचारिक वैदेशिक भ्रमण थिएन तथापि तत्कालका लागि प्रधानमन्त्रीको त्यो निर्णय निकै महत्त्वपूर्ण थियो । शक्ति राष्ट्रको विकासे दौडमा जलवायु परिवर्तनका कारण नेपालले चुकाउनु परेको मूल्यलाई उनले विश्वमाझ जसरी प्रस्तुत गरे त्यो निकै प्रशंसनीय र अनुकरणीय थियो ।

देशको एक कार्यकारी प्रमुखका हैसियतमा प्रधानमन्त्रीको यो कदमलाई नेपाल र नेपाली मात्रै होइन सारा विश्वले नै सह्राना गरेको थियो । अहिले हुन थालेको भारत भ्रमण भने औपचारिक पहिलो विदेश भ्रमण हो । नेपालमा हरेक सरकार परिवर्तन हुँदा वा भनौं नयाँ प्रधानमन्त्री आउँदा उनले पहिलो भ्रमण दक्षिण रोज्छन् वा उत्तरी छिमेकी रोज्छन् भन्ने आम चासोको कुरा हुन्छ ।

प्रायजसो प्रधानमन्त्रीहरू पहिलो विदेश भ्रमणका रूपमा भारततिरै जाने गरेको परम्पराहरू पनि हामीमाझ छन् । यसपालि बालेन शाह प्रधानमन्त्री नियुक्त हुँदा भारतले बधाईसँगै भारत भ्रमणको समेत निम्तो दिइसकेको थियो । तर प्रधानमन्त्रीले त्यसलाई सिरि यस्ली लिन मानेनन् । अझ भारतीय राजदूतले समय माग्दा एक्ला-एक्लै नभेट्नेसमेत भने ।

केही राजदूतहरूलाई सामूहिक रूपमा भेटेपछि भने उनले छुट्टाछुट्टै पनि भेटे । बालेनले भारत भ्रमणलाई महत्त्व नदिँदै गर्दा भारतले उनकै पार्टी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई भेटेर ‘राजकीय’ सम्मानसमेत दियो । यसको अर्थ भारतले गत फागुनको निर्वाचनबाट अद्भूतरुपमा जनादेश पाएको नेपालको नयाँ शक्तिलाई अनुमोदन गरेको सन्देश पनि हो ।

त्यसपछि प्रधानमन्त्री बालेन पनि भ्रमणका लागि तयार भए । सुरुमा तीन दिनको भ्रमण भनिए पनि त्यसका कार्यतालिकाहरू बन्न सकेनन् । र, अन्त्यमा यो भ्रमण केही घण्टामा सीमित हुने भनिएको छ । यद्यपि राज्य स्तरको भ्रमण भनेको मात्रै घुमघाम वा ‘ भ्याकेसन सेलिब्रेसन’ त होइन तथापि उनले बिताएका केही घण्टाहरूले दुई देशीय सम्बन्धलाई कति उचाइ र उपलब्धिमा पुऱ्याउँछ भन्नेले माने राख्नेछ ।

भारतसँगको सम्बन्धको कुरा गर्ने हो भने सम्बन्धको जति ऐतिहासिकता छ विवादका मुद्दाहरू पनि उत्तिकै ऐतिहासिक छन् । सम्बन्धसँगै विवादका चुरा कुराहरू समाधान भएका छैनन् । त्यसैले भारतसँगका हाम्रा मुद्दाहरू तत्कालीन र नयाँ भने छैनन् । जे छन्, पुरानै फेहरिस्तका छन् । हामीले वर्षौंदेखि छलफल गर्दै आएका अनि वर्षौंदेखि कुरा गर्दै आएका समस्याका पोकाहरू छन् ।

कोही कसैको अभिव्यक्ति वा स्वभावजन्य कुराहरू बाहेक वास्तविक मुद्दामा आउने हो भने हामीबिचका विवादहरू सम्बन्धजत्तिकै पुराना छन् । छलफल हुने तर समाधान नहुने वा नभएका वा भनौं समाधान गर्न नचाहेका । अब नयाँ भनेकै तिनै विवादहरूको समाधान हो, जसले सम्बन्धको आयामलाई पनि नयाँ उचाइ वा नयाँ परिभाषा देओस् ।

राजनेता बिपी कोइरालाले भनेझैं- ‘भारत र चीनबिचको आपसी सम्बन्ध जति-जति बिग्रन्छ, हामीमाथि उनीहरूको दबाब उति-उति बढ्दै जान्छ । हामी झन्-झन् च्यापिँदै जान्छौं । चीनसँगको सम्बन्धको उकालो ओरालोले हामीप्रति भारत सशङ्कित वा विश्वस्त, चिन्तित वा चिन्तामुक्त हुने कुराको निर्धारण गर्छ ।’

विद्रोह अनि परिवर्तनको यो नयाँ उमङ्गमा नेपालीका अपेक्षा पनि फेरिएका छन् । यसअघिका प्रधानमन्त्रीहरूले भारत भ्रमणका क्रममा गर्ने सन्धि वा सम्झौताहरू अनि अडानभन्दा यसपालि प्रधानमन्त्री बालेनले ‘बोल्ड’ अडान राख्नेछन् भन्ने आम अपेक्षा अस्वाभाविक होइन

यसको अर्थ के हो भने हामीले दुई छिमेकीबिचको साइनो त्यस्तो बनाउनु पर्नेछ कि त्यसले दुबैलाई शङ्का बढाउने ठाउँ नदेओस् । अर्थात् बिपीले भनेजस्तै ‘ मित्रजस्तै’ । हाम्रो कूटनीति वा परराष्ट्र नीतिको मन्त्र पनि ‘समदूरी र सन्तुलन’ नै हो ।

यो भ्रमणमा के होला वा कसो होला, त्यो फरक पाटो हो । सवाल के हो भने नेपालको यो नवपुस्ताको विद्रोह अनि नयाँ परिवर्तनलाई भारतले कुन रूपमा लिन्छ ? प्रधानमन्त्रीका रूपमा अनपेक्षित अनुहार अनि परिवर्तनको यो अद्भुत शाश्वतलाई भारतले साँच्चिकै स्वीकार गरेको छ वा छैन, प्रधानमन्त्रीको ‘नशा’ छाम्नका लागि दिल्लीमा बित्ने घण्टाहरू काफी हुनेछन् ।

हाम्रो आफ्नै अस्तित्व छ । नेपालको आफ्नै बेग्लै पहिचान अनि इतिहास छ । यद्यपि त्यही इतिहास नै भारतसँगको सम्बन्धको थप अर्को आयाम पनि होला । नेपाल चारैतिरबाट दुई देशले घेरिएको भूपरिवेष्टित देश हो । त्यसमा पनि भारतसँग अझ उदारताको सम्बन्ध छ । चीनसँगको सम्बन्धमा पनि हाम्रो ऐतिहासिक वैभव नै छ ।

भूगोलले सानो भए पनि वा धन-दौलतको कमी भए पनि एक राष्ट्रका हैसियतमा नेपाल सधैं सार्वभौम अनि स्वायत्त रह्यो । नेपाल कहिल्यै कुनै शक्तिको उपनिवेश भएन । नेपालका लागि यो आफैमा एउटा शक्ति हो । यही शक्तिले नेपाललाई कहिल्यै कसैसामु झुक्नु परेको छैन । यही नै नेपालको एक मात्र शक्ति हो ।

विद्रोह अनि परिवर्तनको यो नयाँ उमङ्गमा नेपालीका अपेक्षा पनि फेरिएका छन् । यसअघिका प्रधानमन्त्रीहरूले भारत भ्रमणका क्रममा गर्ने सन्धि वा सम्झौताहरू अनि अडानभन्दा यसपालि प्रधानमन्त्री बालेनले ‘बोल्ड’ अडान राख्नेछन् भन्ने आम अपेक्षा अस्वाभाविक होइन ।

त्यसैले आफ्नो लोकप्रियता बचाइराख्न राजनीतिक ‘स्टन्ट’ मात्र नगरियोस् । दुई देशको सम्बन्ध स्टन्टमा होइन, ‘स्ट्यान्ड’ मा अडिएको हुन्छ । अहिलेका लागि नेपालको शिर निहुरिन नदिए मात्रै पुग्छ । सहयोग, सद्भाव, विवादका फेहरिस्तहरू त यस्ता भ्रमणमा खुल्दै जान्छन्, समझदारीका अध्यायहरू थपिँदै जान्छन् ।

त्यसैले नेपाल-भारतबिचको सम्बन्ध एकाध कागजमा लेखिएका सन्धि वा सम्झौताहरूमा मात्रै सीमित छैनन्, बरु सम्बन्धको यो मिठासपूर्ण आभास दुवै देशका नागरिकबिच पनि उत्तिकै छ । इतिहास, भूगोल, समाज, संस्कार र संस्कृति अनि राजनीतिको साइनोले हामी जति कसिलो गरी बाँधिएका छौं, सार्वभौम स्वाभिमानको अग्लो लिङ्गोमा हामी उत्तिकै उचाइमा छौं, त्यो नझुकोस् ।

राष्ट्रपतिसँग जापानका उपमन्त्रीको शिष्टाचार भेट



काँक्रेविहार संवाददाता
काठमाडौं, ५ मंसिर

राष्ट्रपति रामचन्द्र पौडेलसँग जापानका परराष्ट्र मामिलासम्बन्धी संसदीय उपमन्त्री फुजी काजुहिरोले राष्ट्रपतिको कार्यालय, शीतल निवासमा शिष्टाचार भेट गरेका छन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार नेपाल र जापानबीच रहिआएको द्विपक्षीय सम्बन्ध, आपसी हित र चासोका विषयमा कुराकानी भएको थियो ।

आखिर...

विवादले परिवारका तीन सदस्यको ज्यान जाने अवस्था कसरी सिर्जना भयो? विवाद समाधान गर्ने संवाद, सहनशीलता र समझदारी किन हिंसात्मक व्यवहारमा बदलिन्छ? यस्ता प्रश्नको जवाफ खोज्न अब ढिला गर्नु हुँदैन ।

आखिर किन बढ्दैछन् हिंसात्मक गतिविधि?

नेपाली समाजमा पारिवारिक तथा सामाजिक सम्बन्धमा देखिँदै गएको तनाव, आर्थिक अभाव, बेरोजगारी, मदिरा तथा अन्य लागूपदार्थको दुरुपयोग, आवेग नियन्त्रणको कमजोरी र घरेलु हिंसालाई सामान्य रूपमा लिने प्रवृत्ति अपराधका सम्भावित जोखिम हुन् । तर कुनै एउटा घटनाको कारण यिनै हुन् भनेर निष्कर्ष निकाल्न अनुसन्धान आवश्यक हुन्छ ।

परिवारभित्र हुने विवादलाई निजी मामिला ठानेर बाहिर नल्याउने प्रवृत्तिले पनि समस्या जटिल बनाएको छ । कतिपय अवस्थामा लामो समयदेखि हिंसा सहेर बसेका व्यक्तिले समयमै सहयोग पाउँदैनन् । छिमेकी, आफन्त र समुदायले समेत पारिवारिक विवाद भन्दै बेवास्ता गर्दा जोखिम थप गम्भीर बन्न सक्छ । अर्कोतर्फ, समाजमा बढ्दो असहिष्णुता र आवेगमा निर्णय गर्ने प्रवृत्तिले पनि चिन्ता बढाएको छ । सामान्य असहमति र विवादलाई संवादबाट समाधान गर्नुपर्नेमा हिंसाको बाटो रोज्नु कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन । परिवारभित्रको हिंसाले महिला र बालबालिकालाई सबैभन्दा बढी जोखिममा पारिरहेको यस्ता घटनाले देखाउँछन् ।

घरेलु हिंसा रोक्ने जिम्मेवारी प्रहरी र प्रशासनको मात्र होइन । स्थानीय सरकार, विद्यालय, स्वास्थ्य संस्था, सामाजिक संघसंस्था, नागरिक अगुवा र समुदाय सबैको साझा दायित्व हो । परिवारभित्रको हिंसाका संकेत देखिएमा त्यसलाई सामान्य विवादका रूपमा नलिई समयमै पहिचान र हस्तक्षेप गर्नुपर्छ । स्थानीय तहमा घरेलु हिंसाविरुद्धका सचेतना कार्यक्रम, मनोसामाजिक परामर्श, पारिवारिक विवाद समाधानका संयन्त्र र जोखिममा रहेका महिला तथा बालबालिकाका लागि सुरक्षित सहयोग प्रणाली प्रभावकारी बनाउन आवश्यक छ । प्रहरी प्रशासनले पनि घरेलु हिंसासम्बन्धी उजुरी र जोखिमका संकेतलाई गम्भीरतापूर्वक लिएर समयमै सुरक्षा तथा कानुनी प्रक्रिया अघि बढाउनुपर्छ । अपराध भइसकेपछि अनुसन्धान र कारबाही गर्नु राज्यको दायित्व हो । तर अपराध हुनै नदिने वातावरण निर्माण गर्नु अझ ठूलो जिम्मेवारी हो । परिवारभित्रको हिंसालाई लुकाउने होइन, समयमै पहिचान गर्ने सामाजिक संस्कार विकास गर्नुपर्छ ।

दैलेखको घटनामा तीन जनाले ज्यान गुमाएका छन् । एक बालक अस्पतालको शय्यामा जीवनका लागि संघर्ष गरिरहेका छन् । एउटा परिवार क्षणभरमै उजाडिएको छ । यस घटनाले उठाएको प्रश्न केवल एक व्यक्तिको अपराधमा सीमित छैन । हाम्रो सामाजिक चेतना, पारिवारिक सम्बन्ध र हिंसाप्रतिको मौनतामाथि पनि प्रश्न उठाएको छ । समाज सभ्य बन्न भवन, सडक र प्रविधिको विकास मात्र पर्याप्त हुँदैन ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

लुम्बिनीका १० जिल्ला कुष्ठरोगको जोखिममा

देशभरका नयाँ सङ्क्रमितमध्ये २५ प्रतिशत यहाँका

❐ काँक्रेविहार संवाददाता
बाँके, ५ मंसिर



लुम्बिनी प्रदेशका १० जिल्ला कुष्ठरोगको जोखिममा रहेको पाइएको छ। मधेस प्रदेशपछि लुम्बिनी कुष्ठरोगको दोस्रो उच्च जोखिममा रहेको प्रदेश भएको आइएनएफ नेपालका मेडिकल सर्भिसेज निर्देशक डा. अरुणकुमार बुढाले बताए। उनका अनुसार रूपन्देही, कपिलवस्तु, पश्चिम नवलपरासीलगायत जिल्ला कुष्ठरोगको जोखिममा छन्। नेपालमा कुष्ठरोग देखिएका १८ जिल्लामध्ये १० जिल्ला बाँकेको साइनिङ अस्पतालको सेवाक्षेत्रभित्र पर्छन्। लुम्बिनी प्रदेशमा बालबालिकामा समेत कुष्ठरोगको सङ्क्रमण देखिएको र त्यसको संख्या उच्च रहेको उनले बताए।

कुष्ठरोगको पहिचानमा ढिलाइ हुनुमा गरिबी, स्वास्थ्य सेवामा पहुँचको अभाव, सामाजिक भेदभाव र लाञ्छना प्रमुख कारण रहेको डा. बुढाको भनाइ छ।

बाँकेको जानकी गाउँपालिका-मानपुरस्थित साइनिङ अस्पताललाई लुम्बिनी प्रदेशसहित पश्चिम नेपालकै कुष्ठरोग तथा उष्ण उपेक्षित रोगसम्बन्धी सेवाको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्ने योजना अघि बढाइएको छ। हाल क्षेत्रीय प्रेषण केन्द्रका रूपमा सञ्चालन भइरहेको अस्पताललाई कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका बिरामीको उपचार केन्द्र बनाउने लक्ष्य रहेको उनले बताए। यो योजना नेपाल सरकारको शून्य कुष्ठरोग रणनीतिसँग सम्बन्धित रहेको उनको भनाइ छ। नेपाल सरकारको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा करिब दुई हजार ५०० नयाँ कुष्ठरोगी पहिचान भएका छन्। तीमध्ये करिब २५ प्रतिशत लुम्बिनी प्रदेशका रहेको आइएनएफ नेपाल, साइनिङ अस्पताल बाँकेले जनाएको छ। कुष्ठरोगको जोखिममा रहेका बिरामीलाई लक्षित गरी अस्पतालको सेवा विस्तार गर्न लागिएको हो। करिब दुई करोड ३५ लाख रुपैयाँको लागतमा अस्पतालको अन्तरङ्ग सेवाका लागि भवन निर्माण भइरहेको छ। पाँचवटा वार्डमा २५ जना बिरामी राख्न सकिने भवनमा ह्विलचेयरमैत्री शौचालय, नर्सिङ स्टेसन, उपचार कक्ष र औषधि भण्डारण कक्षलगायत सुविधा रहनेछन्। हालसम्म आइएनएफका पोखरास्थित हरियोखर्क अस्पताल, सुर्खेतस्थित साइनिङ अस्पताल र बाँकेको साइनिङ अस्पतालबाट छ हजार ७९ जनाले निःशुल्क उपचार सेवा लिएका छन्।

१७ हजार हेक्टरमा तोरी खेती

❐ काँक्रेविहार संवाददाता
दाङ, ५ मंसिर



यतिबेला दाङको खेतबारी तोरीले पहेँलपुर बनेको छ। खेतबारीमा ढकमक्क फुलेका तोरीका फूलले जिल्लाको ग्रामीण परिवेशलाई आकर्षक बनाएको छ। तोरीको फूलले खेतबारी पहेँलपुर बनेको छ।

तोरी उत्पादनको दृष्टिले दाङलाई पकेट क्षेत्रको रूपमा चिनिन्छ। पछिल्लो समय किसानले तोरीखेतीप्रति आकर्षण बढाउँदै लगेका छन्। कृषि ज्ञान केन्द्र दाङका अनुसार जिल्लामा करिब १७ हजार हेक्टर क्षेत्रफलमा तोरीखेती हुँदैआएको छ। लुम्बिनी प्रदेशभित्र दाङमा उत्पादित तोरी राम्रो मानिने गरेको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले बताए। दाडको तोरी आफ्नै पहिचान र ब्रान्डका रूपमा परिचित रहेको उहाँको भनाइ छ। गुणस्तर र उपभोक्ताको रुचिका कारण दाडको तोरी तथा तोरीको तेलको माग ठुला सहरमा समेत बढ्दै गएको बताए। उनले भने, "दाडको तोरी ब्रान्डका रूपमा परिचित छ, तोरीमध्ये दाडको तोरीको गुणस्तर धेरै राम्रो छ। यहाँको तोरी काठमाडौं, पोखरा, नेपालगन्ज, बुटवल लगायत सहरमा माग हुने गरेको छ। उपभोक्ताले पनि दाडको तोरीलाई अत्यधिक रुचाउने गरेका छन्।"

उनका अनुसार बजारको माग र बिक्रीको सहजताका कारण पछिल्लो समय तोरीखेती गर्ने किसानको संख्या बढ्दै गएको छ। उत्पादन भएको तोरी बिक्री गर्न किसानलाई खासै समस्या नभएकाले पनि खेती विस्तारमा सहयोग पुगेको उनले बताए। जिल्लामा तोरी उत्पादन बढ्दै गएको तथ्याङ्कले पनि देखाउँछ। तोरी जोनअन्तर्गतको क्षेत्रमा पछिल्लो वर्ष खेती गरिएको क्षेत्रफलसँगै उत्पादनसमेत वृद्धि भएको छ उनको अनुसार आर्थिक वर्ष २०८२-८३ मा तोरीखेतीको क्षेत्रफल एक हजार २७८.०२ हेक्टर गरिएको थियो। उक्त क्षेत्रफलबाट दुई हजार १९८.१९ मेट्रिक टन तोरी उत्पादन भएको छ। तोरीको उत्पादकत्व प्रतिहेक्टर १.७२ मेट्रिक टन रहेको छ।

तोरी खेतीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न तोरी जोनले किसानलाई प्राविधिक सेवा, उन्नत बिउ तथा खेती प्रविधिमा सहयोग गरिदैआएको उहाँको भनाइ छ। जिल्लाको प्राय सबै पालिकामा तोरी खेती गरिदै आएको उनले बताए। बजारको माग, उपभोक्ताको रुचि र उत्पादनमा देखिएको वृद्धिले दाङमा तोरीखेतीको सम्भावना थप बलियो भएको उनले बताए।

दुई महिनादेखि खत्याड-रारा सडक अझै अवरूद्ध



❐ काँक्रेविहार संवाददाता
मुगु, ५ मंसिर

जिल्लाको पश्चिम क्षेत्र खत्याड गाउँपालिकास्थित झुगला-रारा-गमगढी सडक दुई महिनादेखि अवरुद्ध हुँदा स्थानीय मात्र नभई त्यस क्षेत्र भई आवतजावत गर्ने यात्रुले सास्ती खेप्नुपरेको छ। उक्त गाउँपालिका-८ नुवाखेतमा तीन महिनादेखि लगातार सुक्खा पहिरो झरेपछि सडकमा यातायात सेवा पूर्ण रूपमा ठप्प भएको छ। पहिरोका कारण सडक सडक अवरुद्ध हुँदा त्यस गाउँपालिकाका ११ वटै वडावासीलाई आवतजावतमा समस्या परेको स्थानीय विरजङ्ग कार्की बताउँछन्। उक्त सडक अवरुद्ध हुँदा प्राकृतिक सौन्दर्यले परिपूर्ण रारा ताल हेर्न र घुम्न आउने पर्यटकसमेत प्रभावित भएका छन्। सडक अवरुद्ध हुँदा त्यसक्षेत्र भएर जुम्लाको गोठीज्युला जाने यात्रुलाई समेत अहिले यात्रामा असहज भइरहेको छ। जिल्ला सदरमुकाम गमगढी, गाउँपालिका केन्द्र, इलाका प्रशासन कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरमा सेवा लिन जाने नागरिकलाई समेत अहिले कठिनाइ भएकोछ। स्थानीय कार्कीका अनुसार, लामो समयसम्म सडक अबरुद्ध हुँदा विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, बिरामी, विद्यार्थी तथा अशक्त व्यक्तिहरू बढी प्रभावित भएका छन्।

पहिरोका कारण सडकसँगै सिँचाइ कुलो, झोलुंगे पुल, खानेपानीका संरचना, स्थानीय तथा पशुचौपाया हिँड्ने गोरेटो बाटो र ठुलो क्षेत्रफलको खेतीयोग्य जमिनमा क्षति पुगेको छ। आसपासका घरबस्ती समेत जोखिम बढेको छ। सडक अवरुद्ध हुनुअघि केही मिनेटमा पार गर्न सकिने दूरी अहिले पैदल यात्रामा घण्टौं लाग्ने लाग्ने गरेको छ। कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले गत कात्तिक ९ गते पहिरो प्रभावित क्षेत्रको अनुगमन गरी तत्काल सडक सञ्चालनका लागि पहल गर्ने तथा भूगर्भविद्सहितको प्राविधिक अध्ययन गरी उपयुक्त विकल्प खोज्नेबारे छलफल अघि बढाउने प्रतिबद्धता जनाए त्यसले अझै मूर्तरुप लिन सकेको छैन।

स्थानीय रुपसिङ्ग रोकाया भन्छन्, "कर्णाली करिडोर बनेपछि खत्याड-रारा सडक भएर घुम्न आउने पर्यटकको संख्या बढेको छ, तर महिनौंदेखि खसेको पहिरोले सडक अवरुद्ध हुँदा पर्यटकले दुःख झेल्नु परिरहेको छ।" खत्याड गाउँपालिका-८ का स्थानीय सम्पत्ति कार्कीका अनुसार पहिरोबाट प्रभावित क्षेत्रका खेतीयोग्य जमिन र सिँचाइ कुलोमा समेत क्षति पुगेको छ।

उनले भने, "पहिरोले कुलो रहेको चिह्नसमेत मेटाएको छ। अब कुलो पुनर्निर्माण गर्ने अवस्था पनि छैन। कुलो बगाएपछि गाउँपालिका क्षेत्रलाई धान्न सक्ने उब्जाउ खेतीयोग्य जमिन बाँझो हुने अवस्था छ", स्थानीय देवीलाल कार्की भन्नुहुन्छ, "गहुँ छर्ने समय आइसक्दा पनि सिँचाइ गर्ने कुलो र आवतजावत गर्ने बाटो दुवै क्षतिग्रस्त हुदाँ यहाँका किसान समस्यामा परेका छौं।" उहाँका अनुसार झोलुङ्गे पुल रूपमा क्षति भएकाले हिँड्नै नमिल्ने अवस्था छ। तथापि, प्रभावित क्षेत्रको सडक खुलाउन तथा पहिरोको दीर्घकालीन समाधान खोज्न खत्याड गाउँपालिका-६ प्रभावित क्षेत्रका वडाध्यक्ष र गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवालाबीच निरन्तर छलफल भइरहेको जानकारी दिइएको छ। उता पूर्वाधार विकास कार्यालय मुगुका प्रमुख इन्जिनियर सुशील आचार्यले पहिरो प्रभावित क्षेत्रमा प्राविधिक टोली पठाएर तत्काल सडक खुलाउने र दीर्घकालीन समाधानका उपाय पहिचान गर्ने योजनाअनुरुप कार्यालय अघि बढिरहेको प्रतिक्रिया दिए।

एनपीएलको अनलाइन सट्टेबाजी गराउने पाँच जना पक्राउ

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ५ मंसिर

नेपाल प्रिमियर लिग (एनपीएल) लगायत विभिन्न राष्ट्रिय तथा अन्तर राष्ट्रिय खेलकुद प्रतियोगितामा अनलाइन सट्टेबाजी गराएको आरोपमा भारतीय नागरिकसहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शारदाप्रसाद चौधरीका अनुसार दाडको लमही नगरपालिका-५, रातोडाँडास्थित जस्मिन होटल एन्ड लजमा अनलाइन सट्टेबाजीका प्लेटफर्म सञ्चालन भइरहेको सूचनाका आधारमा प्रहरीले छापा मारेको हो।

होटलको तेस्रो तलामा रहेका २०३ र २०४ नम्बरका कोठा भाडामा लिएर सट्टेबाजीसम्बन्धी गतिविधि भइरहेको सूचनापछि लुम्बिनी प्रदेश प्रहरी कार्यालयबाट खटिएको विशेष टोलीले शुक्रबार साँझ साढे ७ बजे छापा मारेको थियो। खानतलासीका क्रममा सट्टेबाजी गराउने कार्यमा संलग्न रहेको भेटिएपछि चार जना भारतीय र एक जना नेपाली नागरिकलाई नियन्त्रणमा लिएको एसएसपी चौधरीले बताए। पक्राउ पर्नेमा भारतको मध्यप्रदेश, भोपालस्थित शंकराचार्य नगर सिकन्दरी सरायका २४ वर्षीय जसवन्त सिंह तोमर, गीतानगर भानपुरका २४ वर्षीय सत्यम राजपुत, लीलाधर कालोनी भानपुरका २४ वर्षीय हर्ष सिंह उर्फ हर्ष उसरेटे र २७ वर्षीय राहुल चन्द रहेका छन्। त्यस्तै, पक्राउ पर्ने नेपाली नागरिकमा डोटीको दिपायल सिलगढी नगरपालिका-३ निवासी ३२ वर्षीय सागर राना रहेका छन्। उनीहरूले कुश ७७७ लगायतका अनलाइन बेटिङ प्लेटफर्ममार्फत सट्टेबाजीसम्बन्धी कारोबार सञ्चालन गर्दै आएको प्रहरीले जनाएको छ। प्रहरीले सट्टेबाजीमा प्रयोग भएका विभिन्न कम्पनीका दुई थान डेस्कटप कम्प्युटर, तीन थान ल्यापटप र १३ थान मोबाइल फोन गरी १८ थान विद्युतीय उपकरण बरामद गरेको जनाएको छ। पक्राउ परेका पाँचै जनालाई बरामद सामग्रीसहित इलाका प्रहरी कार्यालय लमहीमा राखिएको छ। उनीहरूमाथि थप अनुसन्धान भइरहेको एसएसपी चौधरीले बताए।

धान उत्पादनमा वृद्धि

❐ काँक्रेविहार संवाददाता
कञ्चनपुर, ५ मंसिर



सुदूरपश्चिमको अन्नभण्डार मानिने कञ्चनपुर जिल्लामा यस वर्ष धान उत्पादकत्व वृद्धि भएको छ।

यहाँस्थित कृषि ज्ञान केन्द्र कञ्चनपुरका सूचना अधिकारी धर्मबहादुर साउँदले कञ्चनपुरमा यस वर्ष १ दशमलव १९ प्रतिशतले धानको उत्पादकत्वमा वृद्धि भएको बताए। "यस वर्ष मौसम अनुकूल हुनु,उन्नत जातको बीउबिजन र सिँचाइ सुविधाका कारण उत्पादनमा वृद्धि भएको हो", उनले भने, यस वर्ष दुई लाख छ हजार १०८ मेट्रिकटन धान उत्पादन भएको छ।"

गत वर्ष धानको उत्पादकत्व ० दशमलव २ ले बढेको थियो। गत वर्ष धानको उत्पादकत्व ४ दशमलव २ प्रति हेक्टर रहेकोमा यस वर्ष उत्पादकत्व वृद्धि भएर ४ दशमलव २५ पुगेको उनले बताए। गत वर्ष दुई लाख तीन हजार ६८३ मेट्रिकटन धान उत्पादन भएको थियो। त्यसअघि कञ्चनपुरमा धानको उत्पादन एक लाख ९३ हजार ९८४ मेट्रिकटन रहेको थियो। कञ्चनपुरमा ४८ हजार ४९६ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ।

कृषि ज्ञान केन्द्रले हरेक वर्ष सिँचाइ सुविधा विस्तार गर्दै गएकाले पनि उत्पादनमा वृद्धि भएको ज्ञान केन्द्रको भनाइ छ। "यहाँ हरेक वर्ष किसानका लागि उन्नत जाँतको बीउ अनुदानमा उपलब्ध हुँदै आएको छ।" उनले भने, "सिञ्चित क्षेत्र पनि हरेक वर्ष विस्तार हुँदै गएको छ।"

ज्ञान केन्द्रबाट किसानका लागि हरेक वर्ष साना सिचाँइ (ट्युबेल) जडान गरी सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको छ। "बितेको वर्ष किसानलाई ७५० वटा बोरिङ उपलब्ध गराएको मा यस वर्ष ४९५ बोरिङ सिँचाइका लागि उपलब्ध छ।" साउदले भने, "जसका कारण यहाँ धान उत्पादनमा वृद्धि हुँदै गएको छ।" उनले आधुनिक कृषियन्त्रका कारण पनि उत्पादनमा वृद्धि भएको बताए। ज्ञान केन्द्रले किसानलाई ५० प्रतिशत अनुदानमा बीउबिजन र साना सिँचाइ (ट्युबेल) उपलब्ध गराउँदै आएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

ठुला होटेल सुनसान



❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, ५ मंसिर

सदरमुकाम सिमकोट र चीनसँगको सिमाना हिल्साका पर्यटकीय होटेल अहिले सुनसान छन् । यस वर्षको पर्यटकीय सिजन सकिएसँगै पर्यटक आउन छोडेपछि दुई दर्जन ठुला होटेल व्यवसायविहीन बनेका छन् । जिल्लामा भदौसम्म कैलास मानसरोवर दर्शन गर्ने भारतीय धार्मिक पर्यटकको चाप उच्च हुन्छ । त्यसपछि कात्तिकसम्म अन्य देशका पर्यटक आउँदा होटेल सामान्य अवस्थामा चल्छन् ।

कात्तिक अन्तिम साताबाट पर्यटक आगमन ठप्प भएपछि होटेलहरू सुनसान बनेको होटेल कैलासका सञ्चालक रिन्जिन लामाले जानकारी दिए । “अब हिउँदका करिब छ महिना होटेल कुरेर बस्ने मात्र हो,” उनले भने । हिल्सा र सिमकोटमा रहेका दुई दर्जन पर्यटकीय होटेल अहिले बन्द भएको होटेल सङ्घका अध्यक्ष तथा पताला होटेलका सञ्चालक मीनबहादुर तामाङले बताए । “रेस्टुरेन्ट सञ्चालन गरेका होटेलले स्थानीयस्तरमा केही कमाइ गर्लान् तर ठुला पर्यटकीय होटेलको कारोबार भने ठप्पै हुन्छ,” उनले भने । पाँचदेखि छ महिनाको कमाइले एक वर्ष धान्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । पर्यटकीय सिजनमा उक्त होटेलमा करिब एक हजार पाँच सय भारतीय पर्यटक आएका थिए ।

सिमकोटका केही ठुला होटेलमा सरकारी तथा गैरसरकारी निकायका कार्यक्रम हुने अपेक्षा उनको छ । हिल्साका आठ वटा पर्यटकीय होटेल वैशाखसम्मका लागि भने अब ताला लाग्ने छ । विसं २०७२ को भूकम्पपछि तातोपानी नाका बन्द हुँदा हिल्सा नाकाबाट मानसरोवर कैलासको दर्शन गर्ने बाह्य पर्यटक हुम्ला आउन थालेपछि जिल्लामा ठुला होटेल सञ्चालनमा आएका हुन् । कोरोनाको समयमा हिल्सा नाका बन्द भएपछि हुम्लाका पर्यटकीय होटेल पनि ठप्प थिए । तीन वर्षयता हिल्सा नाका चीनले सञ्चालनमा ल्याएपछि कैलास मानसरोवर दर्शन गर्न आउने पर्यटक आइरहेको व्यवसायी विष्णु रावतले बताए ।

किन स्थगित भयो औषधि व्यवसायी सङ्घको राष्ट्रिय अधिवेशन ?

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ५ मंसिर

औषधि व्यवसायीहरूको छाता सङ्गठन नेपाल औषधि व्यवसायी सङ्घ (एनसीडीए) को १५ औं राष्ट्रिय अधिवेशन तथा ५३ औं केन्द्रीय वार्षिक साधारणसभा र सो सँग जोडिएको निर्वाचन प्रक्रिया हाललाई स्थगित भएको छ ।

शनिबार र आइतबार कर्णाली प्रदेशको सुर्खेतमा तय गरिएका यी कार्यक्रमहरू सङ्घको केन्द्रीय समितिको मङ्सिर ४ गते शुक्रबार बसेको आकस्मिक बैठकले स्थगित गर्ने निर्णय गरेको केन्द्रीय महासचिव श्रीधर खनाल्द्वारा जारी सूचनामा उल्लेख छ ।

यो स्थगनको मुख्य कारण उच्च अदालत पाटनको अल्पकालीन अन्तरिम आदेश



रहेको छ ।

यसअघि सङ्घको केन्द्रीय समितिले केही सदस्यलाई साधारण सदस्य समेत नरहने गरी निलम्बन गरेपछि विवाद सृजना भएको हो । सङ्घका महासचिव श्रीधर खनालले आफूहरूलाई जानकारी नै नदिई मुद्दा हालेको भन्दै यो व्यावसायिक अपराध रहेको बताए ।

उनले भने, ‘मतदाता नामावलीमा नामहरू नपरेपछि हामीलाई विपक्षी बनाएर मुद्दा हाल्ने काम भयो । करिब चार सय प्रतिनिधि सुर्खेत आइपुग्नुभएको थियो ।

मतदाता नामावलीमा नाम नभएको भए दाबी विरोध किन गर्नुभएन ?’ सङ्घमा ३१ हजार ५७५ साधारण सदस्य छन् ।

लक्ष्मीप्रसाद तिम्सिना निवेदक र जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत विपक्षी रहेको उत्प्रेषण मुद्दामा न्यायाधीश शिवबहादुर रानाभाटको एकल इजलासले मङ्सिर २ गते आदेश जारी गर्दै प्रकाशित मतदाता नामावली, निर्वाचन कार्यतालिका तथा सो सम्बन्धी सम्पूर्ण प्रक्रिया हाललाई यथास्थितिमा राख्न निर्देशन दिएको थियो ।

अदालतले निवेदकले माग गरेको अन्तरिम आदेशका विषयमा दुवै पक्षसँग छलफल गरी निष्कर्षमा पुग्न उपयुक्त हुने भन्दै मङ्सिर ८ गतेका लागि पेसी तोकेको छ ।

सोही मितिसम्म निर्वाचन सम्बन्धी काम कारबाही यथास्थितिमा राख्न अदालतको आदेश आएपछि सङ्घले अधिवेशन तथा साधारणसभाका कार्यक्रम स्थगित गरेको हो र यसबाट पर्न गएको असुविधाप्रति क्षमा मागेको छ ।

रोजगारीको...

गर्छन् भने केहीले व्यापार गरेर आम्दानी गर्छन् ।

युवा लक्षित कार्यक्रम आयआर्जनसँग जोडिएनन्

युवालाई गाउँमै रोक्न स्थानीय सरकारले प्रभावकारी कार्यक्रम सञ्चालन गर्न नसकेको गुनासो पनि उत्तिकै छ ।

युवा लक्षित कार्यक्रमका नाममा भलिबल तथा फुटबल वितरण र मनोरञ्जनात्मक गतिविधि सञ्चालन भए पनि त्यसले रोजगारी र आयआर्जनमा प्रत्यक्ष योगदान गर्न नसकेको स्थानीय जगतबहादुर रोकायाको भनाइ छ ।

‘युवालाई लक्षित गरेर कार्यक्रम त भएका छन् । भलिबल वितरण गरिएको छ, फुटबल बाँडिएको छ, मनोरञ्जनात्मक कार्यक्रम पनि भएका छन् ।

तर अहिले भइरहेका गतिविधिले युवालाई गाउँमै रोक्न सक्ने अवस्था छैन,’ उनले भने ।उनका अनुसार युवालाई गाउँमै टिकाइराख्न प्रत्यक्ष आम्दानीसँग जोडिएका सीपमूलक कार्यक्रम आवश्यक छन् ।

गाउँमै रोजगारी सिर्जना गर्ने, स्थानीय उत्पादनको बजारीकरण गर्ने, कृषि तथा पशुपालनलाई व्यावसायिक बनाउने र युवालाई उद्यमसँग जोड्ने कार्यक्रम सञ्चालन गर्न सके कालापहाड जाने बाध्यता कम गर्न सकिन्छ ।

स्थानीय तहले हरेक वर्ष विभिन्न शीर्षकमा बजेट खर्च गरे पनि त्यसको प्रत्यक्ष लाभ युवाको आयआर्जनमा देखिन सकेको छैन । फलतः जुम्लाका उत्पादनशील जनशक्ति हरेक वर्ष गाउँ छाड्न बाध्य छन् ।

उनीहरूको अनुपस्थितिले कृषि उत्पादन, बालबालिकाको शिक्षा, पारिवारिक सम्बन्ध र गाउँको सामाजिक जीवन प्रभावित भइरहेको छ । गाउँका युवा फर्किने र गाउँमै टिक्ने वातावरण बनाउन स्थानीय स्रोतसाधनमा आधारित रोजगारी, व्यावसायिक कृषि, पशुपालन तथा उद्यमशीलताको विकास गर्नुपर्ने स्थानीयको माग छ ।

एनपिएलको...

सिजनमा लुम्बिनीसँग फाइनलमा पराजित भएको थियो ।

सुदूरपश्चिम दोस्रो सिजनमा लुम्बिनीसँग ६ विकेटले पराजित भएको थियो ।

उक्त हारको बदला लिँदै सुदूरपश्चिम च्याम्पियन बनेको हो । विजेता सुदूरपश्चिमले १ करोड ५० लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछ । भने, उपविजेता लुम्बिनीले ८० लाख रुपैयाँ नगद प्राप्त गर्नेछ ।

त्यस्तै, तेस्रो बनेको चितवन राइनोजले ४० र चौथो बनेको काठमान्डु गोर्खाजले ३० लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

बालेनको भारत भ्रमणमा कांग्रेसको प्रश्न-

प्रतिपक्षीसँग परामर्श खोइ ?

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ५ मंसिर

नेपाली कांग्रेसले प्रधानमन्त्री वालेन्द्र शाह‘बालेन’को भारत भ्रमणलाई लिएर सरकारप्रति असन्तुष्टि जनाएको छ । कांग्रेसका वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले विज्ञप्ति जारी गर्दै प्रधानमन्त्रीको भारत भ्रमणअघि सरकारले प्रतिपक्षी दल र विषयविज्ञसँग छलफल गर्न आवश्यक नठानेको भन्दै असन्तुष्टि जनाएका हुन् ।

उनले राष्ट्रिय महत्त्वको भ्रमणअघि प्रमुख प्रतिपक्षीलगायत राजनीतिक दल र विषयविज्ञसँग परामर्श गर्ने लोकतान्त्रिक परम्परासमेत सरकारले तोडेको आरोप लगाएका छन् ।

‘मित्रराष्ट्रहरूको महत्त्वपूर्ण भ्रमणअघि राष्ट्रिय हितका विषयमा साझा धारणा निर्माण गर्न प्रमुख प्रतिपक्षीलगायत राजनीतिक दलहरूसँग परामर्श गर्ने हाम्रो स्थापित लोकतान्त्रिक परम्परा हो । यस्तो सकारात्मक परम्पराको निरन्तरता वर्तमान सरकारबाट पनि अपेक्षित थियो,’ शर्माले भनेका छन् ।

कांग्रेसले भारतसँगको द्विपक्षीय सम्बन्ध र सहकार्यका सम्भावित विषयमा सरकारलाई रचनात्मक सुझाव दिने तयारी गरेको जनाएको छ । त्यसका लागि गत बुधबार विषयविज्ञको सहभागितामा विशेष आन्तरिक विमर्शसमेत गरेको शर्माले उल्लेख गरेका छन् । जलवायु परिवर्तन, हवाई सम्पर्क, पर्यटन, व्यापार, ऊर्जा, खेलकुद, उद्यमशीलता, सीमा व्यवस्थापन, सीमावर्ती क्षेत्रका नागरिकका सरोकार र भारतमा कार्यरत नेपाली श्रमिकका समस्यालगायत विषयमा कांग्रेसले छलफल गरेको थियो ।

तर, सरकारले प्रमुख प्रतिपक्षी, अन्य राजनीतिक दल र विषयविज्ञसँग परामर्श गर्न आवश्यक नठानेपछि आफूहरूले औपचारिक सुझाव अघि नसारेको कांग्रेसले स्पष्ट पारेको छ । ‘राष्ट्रिय महत्त्वको भ्रमणअघि राष्ट्रको साझा धारणा निर्माण गर्ने स्थापित लोकतान्त्रिक अभ्यासलाई निरन्तरता दिनसमेत सरकारले आवश्यक ठानेन’, शर्माले विज्ञप्तिमा भनेका छन् ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)